नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

## जानकारी सम्वन्धमा

मितिः २०८३/०५/२०

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। उक्त कार्यका लागि आज भएका प्रमुख गतिविधि निम्नअनुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

१. नेपाली सेना र दक्षिण कोरियाको डिजास्टर विशेषज्ञ टोलीबाट माथिल्लो त्रिशूली १ जलविद्युत आयोजना (२१६ मेगावाट)को सुरुङबाट बाढी आएको ११ औं दिनमा एक चिनियाँ नागरिकको सकुशल उद्धार भएको। मन्त्रालयलको समेत समन्वयमा बाँकी व्यक्तिहरूको उद्धारका लागि सबै उपलब्ध स्रोत, साधन र जनशक्ति परिचालन गरी विद्युत आयोजनाको सुरुङ्ग लगाएत अन्य भग्नावशेषहरूमा सम्वद्ध विज्ञहरुको परामर्शमा सम्पर्कविहीन जनशक्तिको खोज तथा उद्धार कार्य निरन्तर भइरहेको।

२. प्रतिकूल मौसम, विकट भौगोलिक अवस्था र सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध रहेकाले चुनौतीका बीच चिलिमि जलविद्युत आयोजनामा फसेकाहरुलाई उद्धार गर्न नेपाली सेना र भारतीय सेनाका २१ जना उद्धारकर्मीले सुरुङभित्र म्यानुअल रूपमा भग्नावशेष हटाइ हाल २५० मिटर लामो सुरुङमध्ये करिब १०० मिटर भाग सफा गरिएको छ। उद्धार कार्यलाई तीव्र बनाउन आवश्यक उपकरण परिचालन भइरहेको छ। ठूलो क्षमताको एक्स्काभेटर घटनास्थलसम्म पुऱ्याउन स्याफ्रु पावरहाउस पोर्टल पहुँच सडक निर्माण सुरु गरिएको छ। साथै सुरुङ भित्र एक्स्काभेटर लैजाने तयारीस्वरूप माटो हटाउने कार्य तथा साना हेलिकोप्टरमार्फत आवश्यक सामग्री र उपकरण ढुवानी पनि जारी छ।

३. माननीय मन्त्रीज्यूको पहलमा स्विट्जरल्यान्डबाट नेपाललाई सुरुङभित्र खोज तथा उद्धारका लागि अत्याधुनिक ड्रोन उपलब्ध गराएको र यसले जोखिम मूल्याङ्कन, खोजी तथा उद्धार कार्यलाई सुरक्षित, छिटो र प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

४. प्रतिकूल मौसमका बाबजुद सार्वजनिक बिदाका दिनमा समेत अहोरात्र खटेर नेपाल विद्युत् प्राधिकरणबाट विनाशकारी बाढीका कारण विद्युत सेवा बन्द भएको क्षेत्रमा विद्युत सेवा सुचारु गर्ने काम निरन्तर भइरहेको छ। बाढीका कारण क्षति पुगेका रसुवा, नुवाकोट र धादिङ जिल्लामध्ये रसुवामा करिब ७८ प्रतिशत र नुवाकोटमा करिब ९६ प्रतिशत विद्युतीकरण सम्पन्न भएको छ भने धादिङमा पनि करिब सम्पूर्ण क्षेत्रमा विद्युतीकरण भइसकेको छ। बाँकी विद्युतीकरण हुन नसकेका स्थानहरूमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत सोलार टुकी लगायत तत्काल उपलब्ध गराउन सकिने वैकल्पिक ऊर्जाका साधनहरू उपलब्ध गराई विद्युत् सेवाको पहुँच सुनिश्चित गर्ने कार्य भइरहेको।

५. जलविद्युत आयोजनाका सुरुङहरूमा फसेकाहरुको उद्दारको लागि नेपाली सेना, भारतीय सेना, कोरियन विज्ञ तथा आयोजना इन्जिनियरहरूको संयुक्त टोलीबाट सुरुङभित्र विभिन्न स्थानमा पुगेर रेकी, ब्लास्टिङ, होल निर्माण तथा लेदो हटाउने कार्य जारी रहेको। क्षतिग्रस्त तथा अवरुद्ध सुरुङ खोल्न थप Excavator, Back Loader, Bobcat, Drone लगायतका उपकरण परिचालन गरी उद्धार अभियानलाई तीव्रता दिइएको।

शालिग्राम भण्डारी
सि.डि.इ.एवम् सहायक प्रवक्ता